**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**भरतपुर अस्पताल, चितवन**
**वोलपत्र सम्बन्धि ७ दिने सूचना**
**(प्रथम पटक प्रकाशित मिति २०७७।०१।०४)**

यस अस्पताललाई कोभिड १९ रोकथामका लागि आवश्यक मास्क एवं ग्लोब्स जन्य सामानहरु प्रतिस्पर्धाको माध्यम वाट खरिद गर्नुपर्ने भएकोले मु.अ.क.मा दर्ता भएका इच्छुक ईजाजत प्राप्त सप्लायर्स, विक्रेता तथा ब्यवसायीहरुले,रितपुर्वकको वोलपत्र तपशिलको शर्तहरु पालना हुने गरी यस अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु:**

१. आ.व. २०७६/०७७ का लागि नविकरण भएको इजाजतपत्रदर्ता र मु.अ.कर दर्ता सहितको स्थायी लेखा नं. प्रमाण पत्र, आ.व.०७५।०७६ को करचुक्ता को प्रमाणपत्र पेश गर्नु पर्ने छ ।

२. वोलपत्र खरिद तथा पेश गर्नको लागि तपशिल अनुसारको वोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस अस्पतालको रा.बा.बैंक भरतपुरमा रहेको चल्तीखाता नं.१३१०००००९६७०१ मा जम्मा गरेको वैक भौचर पेश गर्नु पर्ने छ ।

३. वोलपत्रपत्र पेश गर्दा जमानत वापत तपशिलमा उल्लेखित रकम को.ले.नि.का.चितवनको रा.बा.बैंक, भरतपुर शाखामा रहेको ख ३ धरौटी १३१०२०३०००००० खातामा (जम्मा गर्न पठाउने कार्यालयको नाम-भरतपुर अस्पताल,चितवन, कोड नं.३७०००३१०२ लेखि) रकमजम्मा गरेको बैंक भौचर वा कम्तिमा ६० दिन म्याद भएको यस अस्पतालको नाममा जारी भएको विड वण्ड पेश गर्नुपर्नेछ ।

४. वोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा अस्पतालको Website- www.bharatpurhospital.gov.np को eProcurement System मार्फत अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।

५. Upload भएका वोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस अस्पतालमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र खरीदगर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सो को भोलिपल्ट क्रमश उक्त कार्य हुनेछ ।

६. वोलपत्र दाताले कवोल गरेको प्रत्येक आइटमको दररेटलाई (मु.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिइने छ ।

७. वोलपत्र दाताले कवोल गरेको वोलपत्रमा तोकिएको परिमाण मापदण्ड अनुसार र समयमा सामान सप्लाई गर्न नसकेमा बजारबाट सिधै खरीद गरिनेछ । त्यसरी खरीद गर्दा वोलपत्रमा उल्लेख गरिएको मुल्यभन्दा बढी पर्न गएमा वोलपत्र दाताको धरौटी रकम वा भुक्तानी गर्न बाकि रकमबाट असुल उपर गरिनेछ ।

८. वोलपत्र स्विकृत हुनु पुर्व खरिद मुल्यांकन समितिले वोलपत्रदाताहरुले पेश गरेको सामानहरुको नमुना माग गरि निरिक्षण एवं परिक्षण गरी मात्र स्विकृत गर्न सक्नेछ । साथै सप्लाई गरिने सम्पूर्ण सामानहरु नमुना वमोजिमको वा स्पेसिफिकेशन वमोजिमको उच्च गुणस्तरको हुनु पर्ने छ । अन्यथा संम्झौता रद्ध गरिनेछ ।

Medical Superintendent

९. वोलपत्रमा उल्लेखित सामानहरु कोभिड १९ नियन्त्रणमा नआईन्जेल सम्म पटक पटक वा एकमुष्ट रुपमा खरीद गरिने छ। खरीद गरिने  सामान घटी वढी हुन सक्नेछ।

१०. कुनै वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा सुरक्षीत रहनेछ।

११. संझौता गरी सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालोसूचीमा दर्ताको लागि सम्वन्धित निकायमा लेखि पठाइनेछ।

१२. शर्त रहेको,रीत नपुगेको तथा म्याद नाघी आएको वोलपत्र उपर कुनै कारवाही हुनेछैन। एक फर्म वा सस्थाको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नामवाट पेश गर्न पाईने छैन।

१३. बोलपत्रदाताले खरिद कारवाहिमा भाग लिन प्रचलित कानुन अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहिमा आफ्नो स्वार्थ नवाझिएको वा ब्यवसाय सम्वन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ। त्यस्तो स्वयम घोषण सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ।

१४. थप जानकारीको लागि यस अस्पतालको जिन्सी शाखा साथै लेखामा सर्म्पक राख्न सकिनेछ।

१५. यसमा नपरेका अन्य कुराहरु सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ।

| सि.नं | ठे.नं. | विवरण | जमानत रकम | वोलपत्र दस्तुर | वोलपत्र खरिद गर्ने अन्तिम मिति | वोलपत्र दाखिला गर्ने अन्तिम मिति | वोलपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४३, ०७६।०७७ | कोभिड १९ रोकथामका लागि पि पि ई सप्लाई कार्य | १०००००.०० | ३०००.०० | ७ औं दिनको ४।०० वजे | ८ औं दिनको १२।०० वजे | ८ औं दिनको १।०० वजे | |

Medical Superintendent

नेपाल सरकार

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भरतपुर अस्पताल

भरतपुर, चितवन

## कोभिड १९ रोकथामका लागि पि पि ई सप्लाई कार्यको (ठे.नं. ४३ ,०७६।०७७) वोलपत्र फाराम

| सि.नं. | सामानको नाम | सामानको स्पेसिफिकेशन | ईकाई | आवश्यक संख्या | प्रति ईकाइ दर रु अंकमा | प्रति ईकाइ दर रु अक्षरमा | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | PPE Set | Gown, goggles-reuseable, shoe cover, disposable cap, visor-clear plastic and N95 mask Size {S+M+L+XL} | थान | ९०० | | | | |
| कुल जम्मा (मु.अ.क.वाहेक) | | | | | | | | |
| वोलपत्र पेश गर्ने फर्मको नाम, ठेगाना- | | | | | | | | |
| आधिकारिक दस्तखत- | | | | | | | | |
| फर्म(कम्पनी) को आधिकारिक छाप- | | | | | | | | |
| वोलपत्र पेश गर्दाको मिति- | | | | | | | | |

Medical Superintendent